# नरैनापुर गाउँपालिकाको
# विनियोजन ऐन, २०७५

नरैनापुर गाउँपालिका,बाँके
५ नं.प्रदेश,नेपाल

नरैनापुर गाउँपालिका

# नरैनापुर गाउँपालिकाको विनियोजन ऐन, २०७५

गाउँ सभाबाट स्वीकृत मितिः२०७५।३।३२

नरैनापुर गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**

नरैनापुर गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२९ को उप-धारा (२) बमोजिम नरैनापुर गाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नरैनापुर गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साउन १ गतेबाट प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिकाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु.२६,२६,६८,६२०।- ( अक्षेरुपी **छब्बीस करोड, छब्बीस लाख, अरसट्ठि हजार, छ सय बिस** रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त नरैनापुर गाउँपालिकाको गाउँ कार्यपालिकाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा स्थानीय

सरकार सञ्चालन ऐन,२०७५ बमोजिम रकम सार्न सक्नेछ । पूँजिगत खर्चतर्फ विनियोजित रकम चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्चको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । गाउँ कार्यपालिकाले पदाधिकारी पारिश्रमिक तथा सुविधा, कर्मचारी प्रोत्साहन भत्ता लगाएतका सुविधा तथा खर्चका सम्बन्धमा आवश्यक मापदण्ड बनाई कार्यान्वय गर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|
| नरैनापुर गाउँ कार्यपालिका,बाँके | 20,42,80,000 | 21,61,51,000 | 42,04,31,000 |

नरैनापुर गाउँपालिका